# न्याय सेवा आयोगको सूचना

नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकील समूहको राजपत्रांकित प्रथम र द्वितीय श्रेणीमा रिक्त निम्न पदहरु जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नु पर्ने भएकोले २०७९ साल आषाढ मसान्तसम्म निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) को खण्ड (ख) तथा उपदफा (२) बमोजिमको न्यूनतम सेवा अवधि पुगेको र नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को नियम ११ (१) बमोजिम शैक्षिक योग्यता पुग्ने सम्भाव्य उम्मेदवारहरुले आयोगद्वारा राजपत्राङ्कित पदमा बढुवाको लागि निर्धारित ढांचा बमोजिमको दरखास्त फाराम प्रष्ट रुपले भरी दरखास्त दाखिल गर्ने अन्तिम मितिभित्र यस आयोगमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन। नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को नियम १० बमोजिम बढुवा हुने रिक्त पदहरुको विवरण देहाय बमोजिम प्रकाशित गरिएको छ।

| सि.नं. | बढुवा सूचना नं. | बढुवाको किसिम | सेवा/समूह | पद रिक्त रहेको कार्यालय | श्रेणी/पद | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ००१०/ २०७९-८० | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | १ |
| २. | ००१६/ २०७९-८० | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ६ |
| ३. | ००१७/ २०७९-८० | कार्यक्षमता मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ६ |
| ४. | ००१८/ २०७९-८० | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ३ |
| ५. | ००१९/ २०७९-८० | कार्यक्षमता मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ३ |
| ६. | ००२०/ २०७९-८० | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ५ |
| ७. | ००२१/२०७९-८० | कार्यक्षमता मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ६ |

<u>दरखास्त पेश गर्दा ध्यान दिनु पर्ने कुराहरु</u>

**(क) आवश्यक न्यूनतम योग्यताः-** जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन बढुवाको लागि निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क र कार्यक्षमता मूल्याङ्कनको लागि दफा २१ को उपदफा (१) को खण्ड (ख) तथा उपदफा (२) र नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु,२०५१ को नियम ११ (१) तथा निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।**(ख) जेष्ठता र असाधारण विदाः-** बढुवाको दर्खास्त फारामको नोकरीको जेष्ठता सम्बन्धी महलको कैफियतमा असाधारण विदामा बसेको भए सो को मिति र अवधि अनिवार्य रुपमा खुलाउनु पर्नेछ । स्थायी, विकास, अस्थायी तथा सेवा परिवर्तन कसरी आएको नोकरीको जेष्ठता महलमा स्पष्ट उल्लेख हुनु पर्नेछ । **(ग) शैक्षिक योग्यता र तालीमः-** फाराममा उल्लेखित सवै उपाधिहरुको प्रमाणित प्रतिलिपि र सर्टिफिकेट वा मार्कसिट र सेवाकालीन तालीमको अवधि खुलेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारित गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । **(घ) भौगोलिक क्षेत्र सम्बन्धमाः-** भौगोलिक क्षेत्रको हकमा घ वर्ग बाहेक अन्य कुन वर्गमा काम गरेको हो सो वर्गमा रुजु हाजिर कति भएको हो वर्ष, महिना र दिन उल्लेख गरी अध्ययन विदा लिएको भए सो समेत दरखास्त फारामको कैफियत महलमा स्पष्ट खुलाउनु पर्नेछ ।**(ङ) अङ्क गणनाका लागि पेश गर्नुपर्ने कागजातहरुः-** जेष्ठता, शैक्षिक योग्यता, सेवाकालीन तालीम र भौगोलिक क्षेत्र समेतको अङ्क गणनाको लागि घ वर्ग बाहेक अन्य कुन वर्गमा काम गरेको हो सो वर्गमा काम गरेको हाजिरी विवरणको प्रमाणित प्रतिलिपि, नियुक्तिपत्र, सरुवा र रमाना पत्र समेतका कागजातको प्रमाणित प्रतिलिपि अनिवार्य रुपले पेश गर्नु पर्नेछ । साथै निजामती सेवा नियमावलीको नियम १२३ अनुसारको सेवा अवधि भएमा प्रमाणित भएको हुनुपर्दछ। **(च) दरखास्त दिने स्थानः-** न्याय सेवा आयोगको कार्यालय, रामशाहपथ काठमाडौं। **(छ) दरखास्त दिने अन्तिम मितिः-** गोरखापत्रमा सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिन भित्र । **(ज) परीक्षा दस्तुरः-** रा.प. प्रथम श्रेणीको पदमा रु. १,५००।- (एक हजार पांच सय) र रा.प. द्वितीय श्रेणीको लागि रु. १,२००।- (एक हजार दुई सय) मात्र ।**(झ)** निजामती किताबखानाबाट पाएको कर्मचारी संकेत नम्बर, नागरिकताको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।